# Passport साथ अझ **अधिक** पाउनुहोस्



## ख्याल राख्ने हृदय तपाईंलाई सबैभन्दा बढी चाहिँदा

PASSPORT HEALTH PLAN
BY MOLINA HEALTHCARE

# हामी तपाईंको लागि यहाँ छौं!

यदि तपाईंसँग कु डाक्टर, एक औषधि लाई लिएर कुनै जिज्ञाशा छ वा तपाईं बिलहरू, खाना वा आवासको लागी भुक्तान गर्न सहयोगका लागि स्रोतहरू खोज्न चाहनुहुनछ भने, **हामी तपाईंको लागि यहाँ छौं**।

हाम्रो सदस्य सेवा कर्मचारीहरू तपाईंलाई समाधानहरू उत्तरहरू फेला पार्न सहयोग गर्न तयार छ। हामी 20 वर्ष भन्दा बढी समयदेखि तपाईं जस्तो सदस्यलाई सहयोग गर्दै आएका व्यक्तिहरू हौं। हामी यहाँ केन्टकीमा छौं र हामीलाई कसरी चीजहरू यहाँ वरिपरि छन् भनी थाहा छ। हामी तपाईंलाई प्रत्येक तरिकाले सहयोग गर्नेछौं!



## निम्न स्थितिहरूमा भने हामीलाई कल गर्नुहोस्:

- तपाईंका सुविधाहरू वा कसरी Passport काम गर्दछ भन्ने बारे प्रश्नहरू छन्
- आफ्नो प्राथमिक स्याहार प्रदायक (PCP) लाई बदल्न चाहनुहुन्छ।
- एक नयाँ Passport आईडी कार्ड चाहिन्छ
- तपाईंको योग्यता जाँच गर्नु पर्दछ
- मेलमा एक चिकित्सा बिल पाउन चाहनुहुन्छ

**पहिले नै एक सदस्य?**

हामीलाई 800-578-0603 मा फोन गर्नुहोस् (TTY प्रयोगकर्ताहरू 711) सदस्यता सेवाहरूको लागि।

**सदस्य हुनुहुँदैन?**

थप जानकारीको लागि हामीलाई 844-778-2700 मा फोन गर्नुहोस् (TTY प्रयोगकर्ताहरू 711)।

# Passport कसले लिन सक्छ?

- ती व्यक्ति, परिवार र बच्चाहरूले जसले राज्यको आय आवश्यकताहरू पूरा गर्छन् *
- गर्भवती महिला
- वृद्ध, अन्धा, वा अशक्त व्यक्तिहरू
- ती बच्चाहरू जो KCHIP (केन्टकीको बच्चा स्वास्थ्य बीमा कार्यक्रम) मा भर्ना भएका छन्
- Medicaid र Medicare-को लागि योग्य मानिसहरू (दोहोरो योग्य)
- अशक्त बच्चाहरू

*राज्यका आय आवश्यकताहरू मा परिवर्तनआउन सक्छ सबैभन्दा अप-टु-डेट जानकारीको लागि, हामीलाई फोन गर्नुहोस्।



# के कभर गरिएको छ?

तपाईंले आफ्नो सदस्यता सहित पाउन सक्नुहुने केही लाभहरू हेर्नुहोस्!

## तपाईंको कभर गरिएका लाभहरू

- डाक्टरसँगको भेटहरू
- टेलिहेल्थ भेटहरू
- रोकथाममूलक हेरचाह (खोप, जाँच, पेप परीक्षण, रक्तचाप परीक्षण आदि।)
- प्रिस्क्रिप्शन औषधीहरू
- दन्त र दृष्टि
- सामुदायिक मानसिक स्वास्थ्य केन्द्र सेवाहरू
- खेलकुद र स्कूलका व्यायामहरु शारीरिक
- हाड वैद्यसँगको भेटघाट
- तात्कालिक हेरचाह
- बिरामी लाई अस्पताल भर्ना
- टिकाउ चिकित्सा उपकरण
- आपतकालीन कोठामा जानुहोस्
- गैर आपातकालीन यातायात
- परिवार योजना
- शारीरिक, व्यावसायिक, स्पीच थेरापी
- बाहिरी रोगी मानसिक स्वास्थ्य र लागू पदार्थ प्रयोग सेवाहरू



हामीले तपाईंलाई कभर गरयौं!

**कुनै को पे छैन!**

लाभहरूको पूर्ण सूचीको लागि, कृपया Passport **को सदस्य पुस्तिका** passporthealthplan.com मा हेर्नुहोस् वा हामीलाई फोन गर्नुहोस्।

# Passport सित अझ अधिक पाउनुहोस्



अझ अधिक पाउन चाहनुहुन्छ? हामीले यो पायौं! तपाईंसँग भएका सबै उत्कृष्ट लाभहरूबाहेक, Passport साथ, Passport सदस्यहरूको निम्नहरूप्रति पनि पहुँच छ:

- **निःशुल्क सेलफोन** - हरेक महिनामा असीमित कुराकानी र पाठ्य सन्देशका साथै 4.5GB डेटाको सुविधा भएको निःशुल्क सेलफोन
- **वयस्कहरूले चश्मा र कन्ट्याकका लागि $100 पाउँछन्** प्रत्येक 24 महिनाको अवधिमा
- **नि:शुल्क चश्मा** बच्चा र 21 वर्ष मुनिका किशोरहरूको लागि
- **राहत हेरचाह** - Passport तपाईंको हेरचाहकर्तालाई आफैं-हेरचाहको लागि केही राहत र समय दिनको लागि गरिने प्रक्रियालाई पनि कभर प्रदान गर्दछ
- **वजन हेर्नेहरू** - 13 हप्ताको लागि नि:शुल्क वजन हेर्नेहरू पाउनुहोस्
- **CVS छूट कार्ड** - स्वास्थ्य सम्बन्धी हजारौं वस्तुहरूमा 20% बचत गर्नुहोस्
- **नि: शुल्क ओभर-द-काउन्टर औषधि** - (तपाईंको डाक्टरको प्रिस्क्रिप्सन मात्र चाहिन्छ)।
- **नि:शुल्क GED तयारी र परीक्षण** ($120 मुल्यको) - साथै तपाई पास हुनुहुँदा $50 उपहार कार्ड पाउनुहोस्!
- **मोबाइल एप, अनलाइन सदस्य पोर्टल, टेक्स्ट र ईमेल द्वारा सतर्क गराउने प्रक्रिया** जसले तपाईंलाई सुविधाजनक, सहयोगी सम्झाउनी र तपाईंको स्वास्थ्य सेवा, सुविधा, र योग्यताको बारेमा सुझावहरू प्रदान गर्दछ।
- **24-घण्टे सहायता लाइनहरू** - हामी तपाईंको लागि यहाँ 24/7 छौं। तपाईंले यी निम्नमध्ये हाम्रो कुनै पनि नम्बरमा फोन गर्न सक्नुहुन्छ:
  - नर्स सुझाव लाइन **1-800-606-9880** मा चिकित्सा सुझावको लागि।
  - मानसिक स्वास्थ्य संकट लाइन **1-844-800-5154** मा यदि तपाईंलाई मानसिक स्वास्थ्य संकट छ भने।
- **नि:शुक्क उपहार कार्डहरू** $10 देखि $50 सम्म - डाक्टर भेट्न र स्वस्थ चुवाउ गरेको खण्डमा, एक प्रीपेड उपहार कार्डमा पैसा को पुरस्कार पाउनुहोस् पूर्ण पुरस्कारको लागि **www.passporthealthplan.com** मा जानुहोस् वा हामीलाई कल गर्नुहोस्।

# आफ्नो प्राथमिक स्याहार प्रदायक (PCP) लाई भेट्नुहोस्।

तपाईंले आफ्नो स्वास्थ्यको लागि कुनै पनि समयर्ने सबै भन्दा राम्रो कुराहरू मध्ये एक प्राथमिक हेरचाह प्रदायक वा पीसीपी फेला पार्नु हो। Passport सदस्यको रुपमा, तपाईंले आफ्नो पीसीपी तपाईंको मुख्य डाक्टर छनौट गर्न सक्नुहुन्छ। तपाईंको पीसीपीले तपाईंको स्वास्थ्य इतिहासको बारेमा जान्न सक्छ, तपाईंको अधिकांश स्वास्थ्य आवश्यकताका ख्याल राख्छ, र तपाईंलाई आवश्यक पर्दा रेफरलहरू बनाउँछ।

तपाईंको पीसीपीको नाम तपाईंको Passport आईडी कार्डमा सूचीबद्ध हुनेछ। यदि तपाईं फरक पीसीपी ब चाहनुहुन्छ भने, तपाईंले आफ्नै छनौट गर्न सक्नुहुन्छ! तपाईंले **1-800-578-0603** मा सदस्य सेवाहरूमा कल गरी आफ्नो पीसीपी लाई परिवर्तन गर्न सक्नुहुनेछ।



## मैले कुन पीसीपी रोज्न सक्छु?

तपाईंले **passporthealthplan.com** मा गएर हाम्रो डाक्टरहरूको विस्तृत सूचीमा कुनै पनि पीसीपी रोज्न सक्नुहुन्छ। तपाईंले सदस्य सेवाहरू लाई पनि फोन गर्न सक्नुहुनेछ र हामी तपाईंलाई तपाईंको आवश्यकता अनुसार मिल्ने खालको फेला पार्न मा सहयोग गर्न सक्छौं।

तपाईं आफ्नो पूरै परिवार को लागि एक पीसीपी छनौट गर्न सक्नुहुन्छ वा तपाईं हरेक परिवार सदस्यको लागि विभिन्न पीसीपी छनौट गर्न सक्नुहुन्छ। तपाईं यी मध्ये एक छनौट गर्न सक्नुहुन्छ:

- सामान्य प्रदायक वा डाक्टर
- परिवार प्रदायक वा डाक्टर
- नर्स चिकित्सक
- चिकित्सक सहायक
- इन्टर्निस्ट
- बाल रोग विशेषज्ञ
- OB/GYN



# तपाईंको पीसीपी तपाईंको चिकित्सा गृह हो

कसैलाई पनि तपाईंको स्वास्थ्यलाई तपाईंको पीसीपीले गर्ने तरिका थाहा हुँदैन। तपाईंको पीसीपीलाई तपाईंको **मेडिकल गृह सम्झिनुहोस्** – तपाईंबारे अधिक थाहा भएको ठाउँको रूपमा सोच्नुहोस्!

तपाईं बिरामी हुनुहुन्न भने पनि अगाडि बढ्नुहोस् र तपाईंको पीसीपी सहित तुरून्तै भिजिट सेट अप गर्नुहोस्,। यो राम्रो भ्रमण एक नयाँ बिरामीको रूपमा सेट अप गर्न र तपाईंको पीसीपी सँग एक सम्बन्ध बनाउने एक सबै भन्दा राम्रो तरिका हो। तपाईंको पीसीपीले तपाईंलाई चिन्न र कसरी तपाईंको लागि राम्रो हेरचाह गर्ने एक योजना बनाउने छ।

तपाईंले विश्वास गर्न सक्ने डाक्टर हुनु भन्दा बढी महत्त्वपूर्ण अरू केही छैन। समय, बिन्दै  जाँदा तपाईं आफ्नो पीसीपीसँग आफ्नो स्वास्थ्य चिन्ताको कुनै पनि कुरा बारे खुलेर कुराकानी गर्न चाहनुहुन्छ।

## याद हुने कुराहरू

- तपाईंको पीसीपीको कार्यालयमा तपाईंको स्वास्थ्य वा स्वास्थ्य सेवाको बारेमा प्रश्न छ भने कुनै पनि समय फोन गर्नुहोस्। तपाईं नर्स सल्लाह लाइनमा दिनमा 24 घण्टा, हप्तामा 7 दिन सम्पर्क गर्न सक्नुहुनेछ। यदि तपाईं कार्यकालको समय पछि फोन गर्नुभयो भने, फोनगरिएको डाक्टरले तपाईंलाई फेरि फोन गर्नेछन्। यदि तपाईंलाई चिकित्सा सुझाव चाहिन्छ भने, तपाईंले हाम्रो नर्स सुझाव लाइन **1-800-606-9880** मा पनि फोन गर्न सक्नुहुन्छ।
- तपाईं आफ्नो पीसीपी लाई  भेट्न, एक भेटको लागि कार्यालयमा फोन गर्नुहोस्। तपाईंको अपोइन्टमेन्ट समय मूल्यवान छ, त्यसैले कृपया समयमै आउनुहोस्।
- यदि तपाईं अपोइन्टमेन्ट राख्न सक्नुहुँदैन भने, कार्यालयलाई तुरून्त फोन गर्नुहोस् र तिनीहरूलाई जानकारी दिनुहोस्। कार्यालयलाई 24 घण्टाअघि सूचना दिन प्रयास गर्नुहोस्।
- तपाईंको Passport आईडी कार्ड हरेक समय बोक्नुहोस्।
- यदि अंग्रेजी तपाईंको प्राथमिक भाषा होइन भने, तपाईंले दोभासे सेवाका लागि आफ्नो पीसीपी भ्रमण गर्नुहुँदा वा कल गर्नुहुँदा अनुरोध गर्न सक्नुहुन्छ।

# नि:शुल्क सहयोग 24/7

तपाईंले आफ्नो मानसिक र व्यवहारात्मक स्वास्थ्य आवश्यकताहरूको लागि लागि दिनमा 24 घण्टा, हप्तामा 7 दिन मद्दत प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले यी निम्नमध्ये कुनै पनि नम्बरहरूमा फोन गर्न सक्नुहुन्छ:

- **24 घण्टा नर्स सुझाव लाइन**
  1-800-606-9880
  TTY: 711
- **24 घण्टाको व्यवहारात्मक स्वास्थ्य सङ्कट हटलाइन**
  1-844-800-5154
  TTY: 711



# आपतकालिन हेरचाह

यदि तपाईंलाई आफ्नो चिकित्सा अवस्था आफ्नो जीवनको लागि खतरा छ भन्ने लाग्छ वा यदि तपाईंले अहिले नै ध्यान दिनुभएन भने स्वास्थ्यलाई गम्भीर रूपमा हानि गर्न सक्नेछ भन्ने सोच्नुहुन्छ भने आपतकालीन कोठामा जानुहोस् (ER)। ER कर्मचारीले तपाईं लाई कति छिटो हेरिनेछ भनी निर्णय लिनेछ। यो तपाईंको चिकित्सा आवश्यकतामा आधारित हुनेछ।

## ER कहिले प्रयोग गर्ने  त्यसका केही उदाहरणहरू

- नराम्ररी  काटिएको वा पोलेको
- गर्भपात (बच्चा गुमाउनु) वा योनि रक्तस्रावको साथ गर्भावस्था
- टाउको वा आँखामा चोटपटक
- जीवन वा अंग गुमाउने खतरा (पाखुरा वा खुट्टा)
- अन्धकार छाउनु
- एक मोटर सवारी दुर्घटनामा चोटपटक
- छातीको दुखाइ
- निसास्सिनु
- शारीरिक आक्रमण वा बलात्कार
- श्वास फेर्न गाह्रो
- अत्यधिक रक्तस्राव
- बोली वा आवाज गुमाउनु
- धेरै औषधि वा ड्रग्स लिनु (अत्यधिक मात्रा)
- पक्षाघात (हिँड्डुल गर्न असमर्थ)
- विषाक्त हुनु
- सम्भावित भाँचिएका हड्डीहरू



**तपाईंलाई आपतकालिन स्थिति छ वा छैन भनि तपाईं निश्चित हुनुहुँदैन?**
तपाईंले हाम्रो नर्स सुझाव लाइन
1-800-606-9880
मा 24/7 फोन गर्न सक्नुहुन्छ।

# तपाईंको प्रिस्क्रिप्सन कभर गरिएका छन्




Passport तपाईंलाई धेरै सस्तो खर्चमा धेरै औषधिहरू कभर गर्दछ। तपाईं आफ्नो प्रिस्क्रिप्सन लिनुहुँदा, तपाईं Passport साइन अप भएको फार्मेसीमा जान चाहनुहुन्छ र आफ्नो सदस्य परिचयपत्र देखाउनुहुन्छ।

## के फार्मेसी सित Passport सहित साइन अप गरेको छ भन्ने कुरा जान्न चाहनुहुन्छ?

हामीलाई फोन गर्नुहोस् वा passporthealthplan.com **मा जानुहोस्।**

## कुनै औषधि वा दवाई कभर गरिएको छ भने थाहा पाउन चाहनुहुन्छ?

हामीलाई फोन गर्नुहोस् वा passporthealthplan.com **मा जानुहोस्।**

- नयाँ औषधिहरू  सदैव निस्किरहन्छन् र सूची परिवर्तनको हुनसक्छ।

## जान्नपर्ने कुराहरू

- तपाईंले एकपटकमा 30 दिनको लागि औषधि पाउनु हुनेछ।
- केही जेनेरिक मेन्टेनेन्स औषधीहरू, तपाईं  लो 90-दिनको लागि पाउन सक्नुहुन्छ।
- हामी ले तपाईंको डाक्टरबाट एक प्रिस्क्रिप्शन सहित केही ओभर-द-काउन्टर औषधि कभर गर्दछौं।

# Passport छनौट गर्नुहोस्!

Passport छनौट गर्ने धेरै राम्रा कारणहरू छन्। Passport तपाईंलाई एक स्वास्थ्य योजना भन्दा धेरै आधिक प्रदान गर्दछ। हाम्रो मायालु मन र बेजोड दयालुताका साथ, तपाईं प्रत्येक पाइला सहजताका साथ राख्न हामी माथि भरोसा गर्न सक्नुहुन्छ!

Passport छनौट गर्नुहोस् र तपाईं र तपाईंको परिवारलाई चाहिने स्वास्थ्य कभरेज सुरक्षित गर्नुहोस्। भर्ना प्रक्रियालाई  आजै सुरु गर्न हामीलाई **1-844-778-2700** मा फोन गर्नुहोस्! TTY प्रयोगकर्ताहरूले फोन गर्न सक्छन् **711**।





PASSPORT HEALTH PLAN
BY MOLINA HEALTHCARE

**हालका Passport सदस्यहरू**

**1-800-578-0603 फोन गर्नुहोस्**
(TTY **प्रयोगकर्ताहरू** 711)

**Passport मा आवद्ध हुन चाहनुहुन्छ?**

**1-844-778-2700 मा फोन गर्नुहोस्**
(TTY **प्रयोगकर्ताहरू** 711)

यस बुकलेटमा समावेश गर्ने कुनै पनि जानकारी ले चिकित्सा स्याहार वा तपाईंको चिकित्सकको सल्लाहलाई प्रतिस्थापित गर्दैन। अन्य कम्पनी वा इन्टरनेट साइटहरूको लागि कुनै पनि सन्दर्भ प्रदान गरेका सेवाहरू, जानकारी वा प्रदान गरिएको उत्पादनका सहायता वा ग्यारेन्टी छैन। Passport यस बुकलेटमा जानकारीको प्रयोग, दुरूपयोग, व्याख्या वा उपयोगबाट उत्पन्न हुने कुनैपनि कुराको लागि जिम्मेवारी लिँदैन। पासपोर्टले उपलब्धता वा स्याहारको गुणस्तरको कुनै ग्यारेन्टी दिँदैन। हामी कुनैपनि प्रदायकको काम वा भूलका लागि जिम्मेवार छैनौं। Passport सहितका सम्झौता गरिएका सबै प्रदायकहरू स्वतन्त्र ठेकेदार हुन् र Passport कर्मचारी वा एजेन्ट होइनन्।

Molina 319 (MARK04633)_APP 2/5/2021